# निजि जग्गा व्यवस्थापन गर्दा उत्खन्न हुने ढुङ्गा गिटी बालुवा माटो संकलन तथा ढुवानी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

त्रियुगा नगरपालिका

गाईघाट, उदयपुर

कोशी प्रदेश, नेपाल

त्रियुगा नगरपालिकाको सवंत २०८० साल फाल्गुण २२ गतेको बाह्रौं नगर सभा बैठकले पारित गरे बमोजिम ठिक छ भनि गाँउ सभा र नगर सभा संचालन कार्यविधि ऐन, २०७५ को दफा ४४ को उपदफा २ बमोजिम दस्तखत गरी प्रमाणिकरणको लागि सभा अध्यक्ष समक्ष पेश गर्दछु ।

..................

बिष्णु भक्त सिग्देल

नगर सभा सचिब (प्रमुख प्रशासकीय अधिकृत)

प्रमुख प्रशासकीय अधिकृत

## निजि जग्गाको व्यवस्थापन गर्दा निस्किने ढुङ्गा, गिटी, वालुवा, माटो संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि,२०८०

प्रस्तावनाः

निजि जग्गाहरुलाई आवास, कृषि,गैर कृषि, व्यवसायिक वा गैर व्यवसायिक प्रयोजनका लागि व्यवस्थापन गर्ने तथा सो को क्रममा उत्खनन् हुने ढुङ्गा, गिटी, वालुवा, माटो संकलन तथा ढुवानी गर्ने कार्यलाई नियमन तथा व्यवस्थित गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ को खण्ड (घ) ले दिएको अधिकार प्रयोग गरी स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा १०२ बमोजिम त्रियुगा नगरपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

संक्षिप्त नाम र प्रारम्भ

क. यस कार्यविधिको नाम "निजि जग्गाको व्यवस्थापन गर्दा निस्किने ढुङ्गा, गिटी, वालुवा, माटो संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि,२०८० " रहेको छ ।

ख. यो कार्यविधि त्रियुगा नगरपालिका नगर सभाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

१. परिभाषा र व्याख्या

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "प्रमुख" भन्नाले त्रियुगा नगरपालिकाको प्रमुख सम्झनुपर्दछ ।

(ख) 'उप प्रमुख' भन्नाले त्रियुगा नगरपालिकाको उप प्रमुख सम्झनु पर्दछ ।

(ग) प्रमुख प्रशासकीय अधिकृत' भन्नाले त्रियुगा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ।

(घ) 'नगर कार्यपालिका' भन्नाले त्रियुगा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(ङ) 'नगरपालिका' भन्नाले त्रियुगा नगरपालिकालाई सम्झनु पर्दछ ।

(च) 'निजी जग्गा' भन्नाले कुनै व्यक्तिको हक भोगको जग्गा धनी दर्ता प्रमाण पुर्जा प्राप्त जग्गा सम्झनु पर्दछ।

(छ) 'इजाजत पत्र' भन्नाले यस कार्यविधि बमोजिम प्रदान गरिने तोकिएको कार्य गर्न प्राप्त इजाजत पत्र सम्झनु पर्दछ।

(ज) 'शुल्क वा दस्तुर ' भन्नाले नगरपालिकामा बुझाउनु पर्ने शुल्क वा दस्तुर सम्झनु पर्दछ ।

(झ) 'नगर सभा' भन्नाले त्रियुगा नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

(ञ) 'कार्यदल' भन्नाले यसै कार्यविधि बमोजिम गठित कार्य समूह सम्झनु पर्दछ । सो शब्दले नगरपालिकाबाट ढुङ्गा, गिटी अनुगमन गर्न गठित समिति समेतलाई जनाउने छ ।

(ट) "जग्गा व्यवस्थापन" भन्नाले निजि जग्गाहरु आवास, कृषि वा गैर कृषि व्यवसायिक वा गैर व्यवसायिक प्रयोजनका लागि खन्ने, सम्याउने, पुर्ने वा चक्लावन्दि गर्ने कार्य समेतलाई सम्झनुपर्छ।

नगर प्रमुख

२. निजि जग्गा व्यवस्थापन

१. कुनै व्यक्ति वा संस्थाले यस कार्यविधि बमोजिम निजी जग्गा व्यवस्थापन गर्न चाहेमा प्रयोजन खुलाई नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

२. निजी जग्गा व्यवस्थापन गर्न निवेदन दिदा देहाएका कागजात संलग्न गर्नु पर्नेछ ।

क) व्यवस्थापन गर्नुपर्ने जग्गाको जग्गाधनी प्रमाणपत्र पुर्जाको प्रतिलिपि ।

ख) सम्वन्धित जग्गा धनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

ग) सधियारहरु समेतको सर्जमिन मुचुल्का (चार किल्ला समेतको),

घ) सार्वजनिक,ऐलानी तथा वन क्षेत्र सँग सिमा जोडिएमा वन कार्यलयको सहमति पत्र

ङ) प्रयोजन खुलेको सम्वन्धित वडाको सिफारिस पत्र

च) व्यवस्थापन गर्न जग्गाको नापी नक्सा,

छ) जग्गा व्यवस्थापन गरे पश्चात देखिने जग्गाको स्वरूपको प्रस्तावित नक्सा,

ज) जग्गा सम्बन्धि कुनै विवाद नभएको स्वघोषणा पत्र

३. त्रियुगा नगरपालिकाको क्षेत्र भित्रका निजि जग्गाहरु व्यवस्थापन गर्न भौगोलिक रुपमा उपयुक्त भए नभएको एकिन गर्न नगरपालिकाबाट गठित ढुङ्गा गिटी वालुवा अनुगमन समितिबाट अनुगमन गराउनु पर्नेछ र अनुगमन समितिले स्थलगत अनुगमन गरी सात दिन भित्र प्रतिवेदन दिनुपर्नेछ।

४. तराईको हकमा ७ कठ्ठा र पहाडको हकमा ५ रोपनी सम्मका निजि जग्गा व्यवस्थापनको लागि अधिकतम १.५ मिटर सम्मको गहिराईको कार्य गरि जग्गा सम्मयाउने कार्य IEE गरी प्राप्त भएका निवेदनहरु नगरपालिकाले आवश्यक निर्णय गरी ईजाजत पत्र दिन सक्नेछ । तर त्यस्तो व्यवस्थापन गर्न पर्ने क्षेत्र खानी तथा भुगर्भ विभागबाट रोक्का भएको वा सो निकायको सहमति लिन पर्ने व्यवस्था भए सम्बन्धित जग्गाधनीले सो सम्बन्धित निकायबाट रोक्का फुक्का वा व्यवस्थापन सहमति प्राप्त भएको उक्त IEE प्रतिवेदनमा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ ।

५. उपदफा (४) भन्दा बढि क्षेत्रफल वा गहिराईमा व्यवस्थापन गर्न परेमा सम्वन्धित निकायबाट स्वीकृति लिई गर्नु पर्नेछ।

६. जग्गा व्यवस्थापन गर्दा साधारण निर्माण सामाग्री बाहेक कुनै खानी जन्य पदार्थ फेला परेमा नगरपालिकालाई जानकारी दिन पर्नेछ र सो सम्बन्धमा नगरपालिकाले संरक्षण गर्ने हेतुले व्यवस्थापन तथा ओसार पसारमा रोक लगाउन सक्नेछ।

७. माछा पोखरी/पेट्रोल पम्प तथा सिंचाईका लागि खनिने ईनार जस्ता कार्य गर्नको लागि यस कार्यविधिले बाधा पुर्याएको मानिने छैन ।सो कार्य प्रचलित ऐन/कार्यविधि बमोजिम हुनेछ ।

३. ईजाजत नलिई जग्गा व्यवस्थापन गर्न नहुने:

क) कसैले यस कार्यविधि बमोजिम इजाजत पत्र नलिई यस नगरपालिका क्षेत्र भित्र निजी जग्गा व्यवस्थापनको नाममा खनिज ढुंगा, गिट्टी, वालुवा आदि उत्खनन, संकलन ओसार पसार तथा विक्री वितरण गर्नु हुँदैन ।

नगर प्रमुख

ख) कसैले यस कार्यविधि विपरित इजाजत नलिई निजी जग्गा व्यवस्थापन गरेमा यसै कार्यविधिको दफा १५ बमोजिम दण्ड जरिवाना गरिने छ ।

४. अनुमति लिनुपर्नेः

१. निजि जग्गा व्यवस्थापन गर्दा संकलन भएको ढुंगा, गिट्टी, वालुवा, माटो आदि ओसारपसार वा ढुवानी गर्दा नगरपालिकाबाट अनुमति लिनुपर्नेछ । अनुमति लिंदाँ देहायका कागजात संलग्न हुनुपर्ने छ ।

(क) ढुवानी गर्ने व्यवसायीको व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि

(ख) सम्वन्धित जग्गाधनीसंग ढुवानी सम्झौता गरेको सम्झौतापत्र

(ग) ढुवानी गर्ने फर्मको कर दर्ता प्रमाण पत्र र पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्र ।

(घ) दुवानी गर्ने व्यवसायीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(ङ) प्रयोग गरिने सवारी साधनको विवरण

२. ढुवानी गर्दा प्रत्येक ढुवानीमा नगरपालिकाबाट स्वीकृत चलान रसिद अनिवार्य हुनपर्नेछ ।

३. ढुवानी कार्यको निरिक्षण गर्दा चलान रसिद र विजक विल साथमा नभेटिएमा दफा १४ वमोजिम दण्ड जरिवाना हुने ।

५. प्रारम्भिक वातावरणीय परिक्षण गर्नुपर्नेः

१.

क. निजी जग्गा व्यवस्थापन गर्न चाहने कुनै व्यक्ति वा संस्थाले परामर्शदाताबाट वा कार्यालयले प्रचलित कानुन वमोजिम संक्षिप्त वातावरणीय अध्ययनको र प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्न प्रचलित कानुन बमोजिमको कार्यसूचि नगर प्रमुखबाट स्वीकृत गर्नुपर्नेछ।

ख. स्वीकृत कार्यसूचि बमोजिम प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गरी नगरपालिकामा पेश गर्नुपर्नेछ ।

२. दफा ५ (१ख) बमोजिम प्राप्त IEE प्रतिवेदन अध्ययन गरि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्न देहाय बमोजिमका सदस्य रहने गरि एक कार्यदल गठन हुनेछ ।

| | | |
|---|---|---|
| १. पुर्वाधार विकास महाशाखा/विभाग/शाखा प्रमुख (ईन्जिनियर) | - | संयोजक |
| २. वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख | - | सदस्य |
| ३. स्थानीय वन कार्यलयको अधिकृतस्तरको प्रतिनिधि | - | सदस्य |
| ४. पुर्वाधार शाखा अन्तर्गत प्राविधिक (अमिन) | - | सदस्य |
| ५. प्र प्र अ ले तोकेको नगरपालिकाको अधिकृतस्तरको कर्मचारी | - | सदस्य |
| ६. सम्बन्धि वडा कार्यालयको प्राविधिक कर्मचारी | - | सदस्य |
| ७. राजश्व महाशाखा/विभाग/शाखा प्रमुख | - | सदस्य सचिव |

६. प्रारम्भिक वातावरणीय परिक्षण वापत परामर्शदाताको पारिश्रमिक जग्गाधनीले व्यहोर्नु पर्ने छ

नगर प्रमुख

७. ईजाजत पत्र दिन सकिने

१. निजि जग्गा व्यवस्थापन गर्नको लागि नगर प्रमुखबाट स्वीकृत कार्यसूचि सहित IEE प्रतिवेदन तथा सम्लग्न अन्य कागजात सहित नगरपालिकामा प्राप्त भएको निवेदन उपयुक्त देखिएमा राजस्व शाखाबाट प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ । प्रमुख प्रशासकीय अधिकृतले आफ्नो राय सहित नगर प्रमुखको स्वीकृति लिई कार्यपालिका बैठकमा लैजानु पर्नेछ ।

२. प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको प्रतिवेदन साविकै वा संशोधन सहित स्वीकृत कार्यपालिका बैठकबाट हुनेछ।

३. उप दफा (१) बमोजिम पेश भएको प्रस्ताव कार्यपालिका बैठकमा निर्णय भए वमोजिम नगरपालिका कार्यलयले कार्यान्वयन गर्ने छ ।

४. जग्गा व्यवस्थापन गर्दा संकलन हुने ढुंगा, गिट्टी, वालुवा, माटो आदि भण्डारण गर्नु परेमा नगरपालिकाबाट अनुमति लिई निजी जग्गामा भण्डारण गर्नु पर्नेछ । सार्वजनिक, सरकारी वा ऐलानी, पर्ती जग्गामा भण्डारण गरेको पाइएमा नगरपालिकाले जफत गरि लिलाम गर्न सक्नेछ।

५. उत्खननवाट संकलन भएको ढुंगा, गिट्टी, वालुवा, माटो आदि ओसार पसार गर्नुपरेमा नगरपालिकाले तोकि दिए बमोजिम हुनेछ ।

८. ईजाजत अवधि

१. निजि जग्गा व्यवस्थापन गर्न प्रदान गरिएको ईजाजत पत्रको अवधी एक आर्थिक वर्षको हुनेछ । तर ईजाजत पत्र प्राप्त गरेतापनि ईजाजजत पत्रको प्राप्त गरेको अवधिको असार १ देखी भाद्र मसान्त सम्म निजि जग्गा व्यवस्थापन गर्न पाईने छैन ।

२. म्याद भित्र उत्खनन भएको ढुंगा, गिट्टी, वालुवा, माटो आदि असार मसान्तसम्म ढुवानी हुन नसकी मौज्दात रहन गएमा नगर कार्यपालिकाको कार्यालयमा जानकारी गराई परिमाण प्रमाणित गराउनु पर्नेछ । असार मसान्तमा मौज्दात प्रमाणित गरिएको ढुंगा, गिट्टी, वालुवा, माटो आदिमात्र विजक विल जारी गरी ढुवानी गर्न पाइनेछ ।

३. यस कार्यविधि लागु हुनु पूर्व उत्खनन भैसकेको ढुंगा, गिट्टी, वालुवा, माटो आदि खानीजन्य पदार्थ यो कार्यविधि लागु भएको १ (एक) महिना भित्र सम्वन्धित जग्गा धनिले मौज्दात प्रमाणित गर्नु पर्नेछ ।

९. शुल्क वा दस्तुर तिर्नुपर्ने

क) जग्गा व्यवस्थापन गर्दा संकलन भएका ढुंगा, गिट्टी, वालुवा, माटो आदि ढुवानी गर्दा कोशी प्रदेश सरकारले तोकेको नदिजन्य पदार्थको विक्रि दररेटमा नघट्ने गरी नगर कार्यपालिकाले तोकेको विक्रि दररेटमा मूल्य अभिवृद्धि कर थप गरी हुन आउने रकम उत्खन्न तथा ढुवानीका लागि इजाजत लिनु अगावै अग्रिम रुपमा एकमुष्ठ कर नगर कार्यपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ।

नगर प्रमुख

१०.व्यवसथापन उत्खनन् र ढुवानीमा रोक लगाउन सकिने

यस कार्यविधि बमोजिम इजाजत प्राप्त गरी जग्गा व्यवस्थापन गरिने स्थलको नगरपालिकावाट अनुगमन निरिक्षण गर्दा वा इजाजत प्राप्त गर्ने व्यक्तिले गरेको कार्य र ढुवानी सम्वन्धमा परेको उजुरीको छानबिन गर्दा यस कार्यविधिको उल्लंघन भएको पाइएमा नगरपालिकाले तत्काल उत्खनन तथा ढुवानी कार्यमा रोक लगाउन सक्नेछ र यसै कार्यविधिको दफा १४ वमोजिम दण्ड, जरिवाना गर्न सक्नेछ ।

११.ईजाजत लिने व्यक्ति वा संस्थाले पालना गर्नु पर्ने शर्तहरु

ईजाजत पत्र प्राप्त व्यक्ति वा संस्थाले नगर कार्यपालिकाको कार्यालयवाट तयार गरी तोकी दिएको शर्तहरु अनिवार्य पालना गर्नु पर्नेछ ।

१२.ईजाजत पत्र रद्द गर्न सकिने

तोकिएको शर्त र समय सीमा भित्र कार्य प्रारम्भ र सम्पन्न नगर्ने व्यक्ति वा व्यवसायीलाई यस कार्यविधि बमोजिम प्रदान गरिएको इजाजत पत्र स्वतः रद्ध हुनेछ ।

१३.ईजाजत पत्रको प्रतिलिपि

१. ईजाजत पत्र हराएमा नासिएमा वा कुनै कारणवस च्यातिएमा ईजाजत पत्र प्राप्त व्यक्ति वा संस्थाले सो को प्रतिलिपि माग गर्न सक्नेछ ।

२. उप दफा १ वमोजिम प्रतिलिपि माग गरेमा नगरपालिकाले रु १००० (एक हजार) दस्तुर लिई प्रतिलिपि दिनुपर्नेछ।

१४.दण्ड जरिवाना

१. ईजाजत पत्र प्राप्त गरेका जग्गा धनी वा ढुवानी व्यवसायीले यस कार्यविधिको वर्खिलाप गरेमा कोशी प्रदेश सरकारले तोकेको न्युनतम दस्तुरमा नघट्ने गरी नगर कार्यपालिकाले तोकेको दररेटलाई आधार मानी दोब्बर विगो कायम गरिनेछ ।

२. विगो बराबरको रकममा त्यति नै अंकमा थप रकम योग गरी कायम हुन आउने कुल रकम वरावर प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुखको राय पश्चात जरिवाना गर्न सक्नेछ।

३. सवारी साधनको हकमा कोशि प्रदेशको आर्थिक ऐन वमोजिम जरीवाना हुनेछ ।

४. अन्यको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

१५.पुनरावेदन

१. प्रमुख प्रशासकीय अधिकृतले दफा १५ बमोजिम गरेको जरिवाना उपर चित्त नबुझ्ने पक्षले सो निर्णय भएको मितिले ३५ दिन भित्र नगर कार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ। कार्यपालिकाको निर्णय अन्तिम निर्णय हुनेछ ।

नगर प्रमुख

१६.अनुगमन तथा निरिक्षण सम्बन्धी व्यवस्था

नगरपालिकाको प्रमुख, उपप्रमुख, सम्बन्धित वडाको वडा अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत वा उहाँहरुले खटाएको कर्मचारी वा टोलीले व्यवस्थापन गर्न अनुमति पाएको जग्गाको जुनसुकै वखत अनुगमन गर्न सक्नेछ । अनुगमन गर्दा यस कार्यविधि विपरित कार्य गरेको पाइएमा तत्काल कार्य रोक्का गरी कारवाहीको लागि सिफारिस गर्न सक्नेछ।

१७.कार्यविधि व्याख्या विश्लेषण तथा अन्य व्यवस्था

१. यस कार्यविधिको व्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा रहनेछ ।

२. यस कार्यविधिको कुनै प्रावधानहरु, संविधान, सङ्घीय सरकार तथा प्रदेश सरकारका कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

३. यस कार्यविधि संशोधन गर्नुपरेमा दफा ५ को उपदफा (२) बमोजिम गठित कार्यदलको सिफारिसमा नगर कार्यपालिकाले गर्न सक्नेछ । सो संसोधन पछी वस्ने नगर सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

१८.विविध

क) उत्खनन् गरिने जग्गामा डाले घाँस प्रजातिका बाहेक अन्य साल, सिसौ, खयर आदि प्रजातिका विरुवा पर्ने भए जिल्ला वन डिभिजन कार्यालय संग समन्वय गरी उतखन्न सहमति लिनुपर्नेछ।

ख) यो कार्यविधि लागु हुनु भन्दा अगाडि यस कार्यलयबाट कार्यविधिले समेटेका विषयमा भएका कार्यहरु एंव दिएका सबै अनुमतिहरु यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

नगर प्रमुख

दफा ८ को बमोजिमको

अनुसुचि १

त्रियुगा नगरपालिकाको कार्यलय

गाईघाट, उदयपुर

ईजाजत पत्र

मितिः...................

श्री ..........................................

...................................................

तपाईलाई निजि जग्गाको व्यवस्थापन गर्दा निस्किने ढुङ्गा, गिटि, वालुवा माटो संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धि कार्यविधि,२०८० को दफा ८ बमोजिम मिति २०....... साल जेठ मसान्त भित्रमा त्रियुगा नगरपालिकाको मिति ...................... गतेको कार्यपालिकाको बैठकबाट स्वीकृत भएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको अधिनमा रही कार्य गर्नको लागि यो ईजाजत पत्र प्रदान गरिएको छ ।

सवारी साधनको विवरण

१. Backhoe loader थान-

२. Excavator थान-

३. Tripper थान-

४. Tractor थान-

ईजाजत दिने अधिकारी

नामः

पदः

मितिः

दस्तखतः

त्रियुगा नगरपालिकाको सवंत २०८० साल फाल्गुण २२ गतेको बाहौं नगर सभा बैठकले पारित गरे बमोजिम ठिक छ भनि गाँउ सभा र नगर सभा संचालन कार्यविधि ऐन, २०७५ को दफा ४४ को उपदफा १ बमोजिम प्रमाणिकरण गर्दछु ।

बसन्त कुमार बस्नेत

नगर प्रमुख (सभा अध्यक्ष)

प्रमाणिकरण मिति : २०८०/११/२२ गते

विधेयक संख्या: ०४



नगर प्रमुख